GoN Registration No.: 01-2070/71 FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref.* NRNA-ICC/25-27/006

श्री एनआरएनए एनसीसी अध्यक्षज्यूहरू र महासचिवज्यूहरू,

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषदहरू

विषयः एनसीसी निर्वाचन म्यादको विस्तार - एनआरएनए चौथो ओबी बैठकको निर्णय

नमस्कार!

गैर आवासीय नेपाली संघको विधान (२००३, २०२१ मा संशोधित) अनुसार राष्ट्रिय समन्वय परिषद् (एनसीसी) का लागि निर्वाचनहरू जुलाई १ देखि ३१ बीचमा सञ्चालन गर्नुपर्छ भनी उल्लेख भएको हामी सबैलाई अवगत नै छ। तर, वर्तमानको विशेष परिस्थितिहरू–विशेष गरी सर्वोच्च अदालतको परमादेश अन्तर्गत गठित उच्चस्तरीय समितिले सर्वोच्च अदालतकै परमादेश अनुसार सम्पन्न संघको अधिवेशन र त्यसपछि उब्जिएका केही अन्योलका कारण एनसीसीहरूलाई तोकिएको समयसीमा भित्र निर्वाचन गर्न चुनौती हुन सक्ने कुरालाई हृदयंगम गरी संघको चौथो पदाधिकारी बैठकले आवश्यकताअनुसार बढीमा ६ महिना सम्म राष्ट्रिय समन्वय परिषदहरूको निर्वाचन सार्न सकिने गरी निर्णय गरेको जानकारी गराइन्छ।

हामीलाई विश्वास छ कि यो निर्णयले संस्थालाई एकता बद्ध गरी स्वतन्त्र, निष्पक्ष र समावेशी निर्वाचनको तयारी गर्न पर्याप्त समय मिल्नेछ। तसर्थ, विधानले तोकिएको मिति जुलाई १ देखि जुलाई ३१ भित्र निर्वाचन गर्न असमर्थ एनसीसीहरूले जुलाई ३१ बाट ६ महिना नबढ्ने गरी निर्वाचन गर्न गराउन जानकारी गराइन्छ।

महेश श्रेष्ठ
अध्यक्ष
अन्तर्राष्ट्रिय समन्वय परिषद (२०२५-२०२७)
गैर आवासीय नेपाली संघ
मितिः जुन १२, २०२५

बाबु राम (बिआर) लामा
महासचिव
अन्तर्राष्ट्रिय समन्वय परिषद (२०२५-२०२७)
गैर आवासीय नेपाली संघ
मितिः जुन १२, २०२५

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4426005/4411530 info@nrna.org www.nrna.org